**नेपाल एपीएफ स्कूल**

कीर्तिपुर - ४, काठमाण्डौ ।

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७४।१०।१५ गते ।**

१. नेपाल एपीएफ स्कूल द्धारा मिति २०७५ साल बैशाख १ गतेदेखि २०७५ साल चैत्र मसान्तसम्मको निमित्त यस बिद्यालयमा अध्ययनरत ५७८ **(विद्यार्थी संख्यामा थपघट हुन सक्ने)** छात्र/छात्राहरुको लागि राशन आपूर्ति गर्नुपर्ने भएकोले राशन आपूर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धीत निकायबाट ईजाजत प्राप्त ईच्छुक नेपाली बोलपत्रदाताहरुबाट तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्रको/ e-bidding को माध्यमबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | बोलपत्र आहवानको सूचना नं. | समानको विवरण | परिमाण तथा इकाई | बोलपत्र जमानत रकम रु | बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | APF/NCB/R/03/2074/075 | राशन | बोलपत्र कागजातमा उल्लेख भए अनुसार | १२,९८,००० | ५,०००/- |

(२) यस बिद्यालयमा आपूर्ति गर्नु पर्ने राशन सामाग्रीहरुको बार्षिक परिमाण, राशनको गुणस्तर, Specification, पालना गर्नु पर्ने शर्तहरु लगायत अन्य कुराहरु यसै बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरिएको छ ।

(३) बोलपत्र कागजात खरिद गर्न रु.१०।- को टिकट सहितको लिखित निवेदन, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, मू.अ.कर दर्ता प्रमाण पत्र वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, फर्म/संस्था वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, राशन आपूर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धित निकायबाट ईजाजत (अनुमति) पत्र र आ.व. २०७३/०७४ को करचुक्ता प्रमाण पत्र पेश गरेर मात्र श्री स.प्र.बल नेपाल कल्याणकारी सेवा केन्द्र प्रधान कार्यालय हलचोक, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ, वा नेपाल एपीएफ स्कूलबाट बोलपत्र फाराम दस्तुर रु.५,०००।- (पाँच हजार) फिर्ता नहुने गरी नगदै बुझाई मिति २०७४।११।१५ गते कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

(४) बोलपत्रदाताले आफ्नो फर्म/कम्पनीको Letter Head मा सार्वजनिक खरिद नियमावली, २०६४ नियम ४० उप-नियम २ (ङ) मा उल्लेख भए बमोजिम खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा ब्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा घोषणा गरेको पत्रमा आधिकारिक ब्यक्तिको दस्तखत र फर्म/कम्पनीको छाप भएको सक्कलै कागजात पेश गर्नु पर्नेछ ।

(५) बोलपत्रसाथ रु.१२,९८,०००/-(बाह्र लाख अन्ठानब्बे हजार मात्र) रकममा नघटाई यस बिद्यालयको राष्ट्रिय वाणिज्य बैक किर्तिपुर स्थित धरौटी खाता नं. ११२० मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस बिद्यालयको नाममा कुनै वाणिज्य बैंकबाट जारी भएको बोलपत्र जमानतको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा कम्तिमा १२० दिन भएको सक्कलै प्रति पेश गर्नु पर्नेछ ।

(६) बोलपत्रदाताहरुले सिलबन्दी बोलपत्रसाथ बिगत कुनै तीन मध्ये कुनै एक बर्ष कुनै सरकारी निकाय वा निजि संस्थामा सन्तोषजनका रुपमा कम्तिमा रु २,३१,००,०००। (दुई करोड एकतीस लाख) रकम बरावरको राशन सम्बन्धी समाग्रीहरु आपूर्ति गरेको प्रमाणित कागजात पेश गर्नु पर्नेछ

(७) बोलपत्रदाताले बोलपत्र फाराममा कबोल अंक उल्लेख गर्दा आईटमवाइज तोकिएको इकाईमा मु.अ.कर बाहेकको दर उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको फरक परे अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट वा टिपेक्सको प्रयोग भएमा बोलपत्रदाता तथा अधिकार प्राप्त ब्यक्तिको दस्तखत र छाप अनिवार्य हुनु पर्नेछ ।

(८) बोलपत्र पेश गर्नु पूर्व बोलपत्रदाताहरुको बैठक मिति २०७४।११।०३ गते १३०० बजे नेपाल एपीएफ स्कूल किर्तिपुरमा तय गरिएको हुंदा सबै सम्भावित बोलपत्रदाताहरुले उक्त मिति अगावै बोलपत्र सम्बन्धी कागजात खरिद गर्न उपयुक्त हुने कुरा जानकारी गराईन्छ ।

९) खरिद गरिएका बोलपत्रहरु मिति २०७४।११।१६ गते १२०० बजे भित्र यस बिद्यालयमा सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ । म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र सम्बन्धमा यस बिद्यालय जवाफदेही हुने छैन ।